# गणपति लघुवित्त वित्तीय संस्था लि.
## केन्द्रीय कार्यालय दुलेगौंडा, तनहुँ
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची - १५ बमोजिमको वार्षिक प्रतिवेदन (२०७९/८०)

**(१) सञ्चालक समितिको प्रतिवेदन :**
- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(२) लेखापरीक्षकको प्रतिवेदन :**
- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(३) लेखापरीक्षण भएको वित्तीय विवरण :**
- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(४) कानूनी कारवाही सम्बन्धी विवरण :**

**(क) समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :**
- समीक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर भएको छैन।

**(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :**
- समीक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**
- समीक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**
- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजारमा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारणा नरहेको ।

**(ख) आ.व. वर्ष २०७९/८० को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण:**

| विवरण | प्रथम त्रैमासिक (२०७९/०८०) | दोस्रो त्रैमासिक (२०७९/०८०) | तेस्रो त्रैमासिक (२०७९/०८०) | चौथो त्रैमासिक (२०७९/०८०) |
|---|---|---|---|---|
| अधिकत्तम मूल्य | १,१५० | ९५० | ९४४।५० | ९०६ |
| न्यूनतम मूल्य | ८२२ | ७५० | ६६८।३० | ६५० |
| अन्तिम मूल्य | ८२२ | ९३० | ७४६।९० | ८१०।९० |
| शेयर कारोवार संख्या | ३७,९०३ | ७५३ | ६८२ | ५४८ |
| कारोवार दिन | ६६ | ५२ | ५६ | ६२ |

**(६) समस्या र चुनौतीः**

**(क) आन्तरिकः**

- कार्यक्रमको वृद्धिसंगै सञ्चालन खर्चमा समेत वृद्धि हुदै जानु ।
- फिल्डमा काम गर्ने दक्ष कर्मचारीको अभाव ।
- सदस्यहरुमा वित्तीय साक्षरताको कमी ।

**(ख) वाह्यः**

- हाल वित्तीय बजारमा देखिएको तरलता अभाव ।
- लघुवित्त कार्यक्रम विरोधी समुहहरुको अराज गतिविधि ।
- लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा ।
- एउटै सदस्यले विभिन्न संस्थाहरुबाट कर्जा लिएको ।
- बैंकहरुले कर्जामा लिने व्याजदर उच्च भएको ।
- अप्रत्यासित रुपमा आई पर्ने प्राकृतिक प्रतिकूल अवस्था ।

**(ग) रणनीतिः**

- वित्तीय साक्षरतामा जोड दिने ।
- कर्मचारी कार्य कुशलतामा वृद्धि गर्ने ।
- ग्राहकको माग, चाहना अनुरुप ग्राहकमुखी सेवा सुविधाको विकास तथा विस्तार गर्ने ।
- प्रशासनिक कार्य कुशलतामा सुधार गर्ने ।
- जोखिम व्यवस्थापनको सुदृढीकरण गर्ने ।
- कर्जा जोखिम व्यवस्थापन गरी खराब कर्जालाई सक्रिय कर्जामा परिणत गर्ने ।
- प्रविधियुक्त सेवा विस्तार गर्ने ।

**(७) संस्थागत सुशासनः**

यस संस्थाले आफनो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवम् संस्थागत सुशासनलाई उच्च महत्व दिई सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ । त्यस्तै संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य सम्बन्धीत ऐन नियमहरुको पूर्ण पालना गरी रहेको छ ।